


# सँसदीय शासन प्रणाली
# र
# प्रतिपक्षको भूमिका

निर्वाचन पर्यवेक्षण समिति नेपाल
Election Observation Committee Nepal (EOC-Nepal)
बुद्धनगर १० काठमाडौं
पुस २०७६

www.eocnepal.org.np

## परिचय

विश्वमा रहेका विभिन्न प्रकारका शासन प्रणालीहरूमा तत् तत् प्रणाली वमोजिमका सरकारहरू रहेकाछन् । यद्यपि प्रत्येक शासन प्रणाली र सरकारहरूले आफूहरूलाई प्रजातान्त्रिक तथा लोकतान्त्रिक सरकार नै भएको दाबी गर्दछन् । यहाँ सम्म कि निरकुश शासन गर्नेहरूले समेत आफूहरूलाई लोकतान्त्रिक भन्दछन् । समाजवादी शासन पद्धति अपनाउने तथा पूँजीवादी पद्धति अपनाउने देशहरूले पनि आफूलाई लोकतान्त्रिक नै भन्दछन् । शासनको प्रकृति जस्तो भएतापनि २१ औ शताब्दीमा सबै शासन प्रणालीको ध्येय भनेको स्वतन्त्रता, समानता र लोकतन्त्र हुन गएको छ । शासन प्रणालीलाई प्रजातान्त्रिक वा लोकतान्त्रिक भन्नका लागि व्यक्तिको व्यक्तिगत स्वतन्त्रता, मानवअधिकार, आवधिक निर्वाचन र लोकतान्त्रिक अभ्यासलाई सूचकको रुपमा लिनु पर्दछ । स्वतन्त्रता र लोकतान्त्रिक मूल्य मान्यताको अवधारणा एवम् शासन पद्धती विगत लामो समय देखि मानवजातिले सभ्यता निर्माणको क्रममा गर्दै आएको अविराम संघर्ष, सैद्धान्तिक एवम् व्यवहारिक शोध र त्यसका मूल्य र मान्यताको कारणले प्राप्त भएको हो ।




संसदीय व्यवस्था शासन प्रणाली चित्र

सँसदीय शासन प्रणालीको मुख्य विशेषता भनेको शक्तिको बाँडफाँड र शक्ति पृथकीकरण हो । यसमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको बीचमा राज्य शक्तिको बाँडफाँड संवैधानिक रुपमा गरिएको हुन्छ । कार्यपालिकाले खासगरि प्रधानमन्त्री र मन्त्रीपरिषद् अन्तरगत रहेर कार्य गर्दछ । न्यापालिकाले सधीय न्यायालय, उच्च अदालत तथा न्यायिक संस्थाहरूको माध्यमबाट कार्य गर्दछ । व्यवस्थापिकाले सँसदका अध्यक्ष वा सभापतिको नेतृत्वमा कार्य गर्दछ । व्यवस्थापिका सँसदका सदस्यहरू स्वतन्त्र निर्वाचन मार्फत वालिग मताधिकारको माध्यमबाट निर्वाचित हुन्छन् । निर्वाचनबाट बहुमत प्राप्त दलका निर्वाचित साँसदहरू सत्तापक्ष साँसदको रुपमा र अल्पमतमा हुने राजनैतिक दलका साँसदहरू प्रतिपक्ष साँसदको भूमिकामा रहन्छन् ।

नेपालले अवलम्बन गरेको निर्वाचन प्रणाली मिश्रित निर्वाचन प्रणाली हो । अतः नेपालको प्रतिनिधिसभामा निर्वाचित हुनेहरू प्रत्यक्ष निर्वाचित प्रणाली तथा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित भएका हुन्छन् । त्यस्तै राष्ट्रियसभाका सदस्यहरू संविधानमा व्यवस्था भएवमोजिम् राष्ट्रप्रमुखले तीन जना छनोट गर्ने र बाँकी एकल संक्रमणीय निर्वाचन प्रणालीको माध्यमबाट निर्वाचित हुने गर्दछन् । प्रतिनिधिसभाका साँसदहरूले सरकार बनाउने महत्वपूर्ण काम गर्दछन् । लोकतान्त्रिक सँसदीय व्यवस्थामा प्रतिपक्षको भूमिकालाई महत्वपूर्ण रुपमा हेरिन्छ र भनिन्छ कि सरकार सत्तापक्षको हो र सँसद प्रतिपक्षको हो । तसर्थ ससदीय शासन प्रणालीमा प्रतिपक्षको भूमिका महत्वपूर्ण छ ।

सँसदीय शासन प्रणालीको बारेमा अध्ययन गर्दा बेलायती र भारतको शासन सँसदीय प्रणालीलाई महत्वपूर्ण मानिन्छ । जहाँ प्रतिपक्षको भूमिकालाई विशेष रुपमा हेरिएको हुन्छ । जसरी वेलायतको सँसदीय शासन प्रणालीबाट भारतको शासन प्रणाली प्रभावित भयो त्यसै गरी नै भारतको सँसदीय शासन प्रणालीबाट नेपालको ससदीय शासन प्रणाली पनि प्रभावित भएको देखिन्छ । ससदीय शासन प्रणालीको स्थायित्व र जनविश्वासका लागि स्वतन्त्र, निश्पक्ष र धाँधलीरहित निर्वाचन प्रणाली एउटा आधारभुत स्तम्भ हो भनिन्छ ।

## लेखको उद्धेश्य

यो लेखको मुख्य उद्धेश्य सँसदीय शासन प्रणालीमा प्रतिपक्षको भूमिका, यसको महत्व र यसले राष्ट्रको वृहत हितमा पार्न सक्ने प्रभाव पत्ता लगाउनु हो । यसका अलावा सरकारले पेश गर्ने नीतिगत विषयहरूमा त्यसका गुण र दोषको आधारमा खेल्न सक्ने सकारात्मक तथा नकारात्मक भूमिकाले सँसदीय शासन प्रणालीलाई सवलीकरण गर्नको लागि पार्नसक्ने प्रभावको बारेमा अध्ययन गर्नु पनि हो ।

## सँसदीय शासन प्रणालीमा प्रतिपक्षको भूमिका तथा कार्यहरु

सँसदीय शासन प्रणालीमा प्रतिपक्षको मुख्यभूमिका तथा कार्यहरू विस्तृत र महत्वपूर्ण छन् ।




प्रतिपक्ष दलको भूमिका **जनताका आधारभूत अधिकारहरूको संरक्षण र सम्वर्द्धन गर्नु हो ।** जनताहरू विभिन्न कारणले राज्यका संयन्त्रहरूमा भएका सूचनाहरूबाट बञ्चित भएका हुनसक्दछन् । जसको कारण नागरिकको मूलभुत हक, अधिकारलाई असर गर्ने गरी भएका विधायन एवम् कृयाकलापहरूका विषयमा अनभिज्ञ हुनपुग्दछन् । तसर्थ जनताहरूको लागि **सही र समयानुकुल सूचनाहरूको सम्प्रेषण गर्नु** सरकारी निकायहरूका अलावा प्रतिपक्ष साँसदहरूको समेत कर्तव्य हो । **राष्ट्रिय स्वार्थको परिपूर्ति, सार्वभौमिकताको रक्षा, भौगोलिक अखण्डताको रक्षा** तथा **नागरिकहरूको बीचमा राष्ट्रिय एकता, सामञ्जस्यता र बहुलता कायम राख्ने काम निकै महत्वपूर्ण हुन्छ ।** आफ्ना मतदाताहरूको स्वार्थ तथा आवश्यकताहरूको परिपूर्तिका लागि सरकारी तथा गैरसरकारी निकायहरूको माध्यम प्रयोग गर्नु उनीहरूको जिम्मेवारी हो । सँसदमा **नीतिगत विकल्पहरूको प्रस्ताव पेश गर्नु** तथा **सरकारले पेश गरेको सँसदीय तथा बजेट प्रस्तावहरूको लेखाजोखा** गरेर सरकारलाई सुझाव पेश गर्नु आवश्यक हुन्छ । सँसदीय अभ्यासको वादविवादमा सहभागिता जनाउनु र त्यसखालका वादविवादहरूलाई रचनात्मक रुपमा प्रर्बद्धन गर्नु आवश्यक छ । जनताका दैनिक जीवनमा आईपर्ने विषय वस्तुहरूलाई नजिकबाट हेर्नु र **प्रशासनिक प्रकृयाहरूको अनुगमन तथा निरीक्षण** गर्नुपर्ने दायित्व पनि प्रतिपक्षको महत्वपूर्ण कार्य भित्र पर्दछ । राजनीतिक प्रकृयामा स्थायित्व, आधिकारिकता, जवाफदेहिता र पारदर्शिता बढाउनका लागि सत्तापक्षलाई चुनौति दिनु उनीहरूको महत्वपूर्ण कार्य हो । **अल्पसंख्यकहरूको अधिकारको संरक्षण गर्नु,** जनताको सहयोगका लागि उनीहरूलाई संगठित र परिचालन गर्नु, **बहुलता र उदार लोकतान्त्रिक शासन प्रणालीको संरक्षकको भूमिका** निर्वाह गर्नु तथा सरकारले समय समयमा ल्याउने व्यर्थका र अनावश्यक प्रस्ताव तथा योजनहरू रोक्ने जिम्मेवारी पनि प्रतिपक्ष दलको नै हुन्छ ।

प्रतिपक्ष राजनीतिक दल एवम् सांसदहरूले निर्भिकतापूर्वक एउटा जिम्मेवार पक्षको हिसावले जनताको प्रतिनिधिको रुपमा प्राप्त जिम्मेवारीलाई राज्य एवम् जनताको हीतमा गरिने कार्यहरूको सम्पादनमा सुस्पष्टता, विधि एवम् मर्यादा अनुकुलका आचरणहरूलाई निदृष्टि गर्नको लागि संवैधानिक तथा कानूनी व्यवस्थाहरू समेत गरिएका हुन्छन ।

## प्रतिपक्षीदल सम्वन्धी कानूनी प्रावधानहरु

**साँसदहरूको व्यक्तिगत अधिकारहरूको रक्षाः** सँसद्मा हुने कार्यहरूमा सक्रियता जनाउन साँसदहरूको व्यक्तिगत अधिकारहरूको रक्षा आवश्यक छ । व्यक्तिगत अधिकारहरू र सुरक्षाको प्रत्याभूति भएको अवस्थामा जनता र राष्ट्रको पक्षमा आवाज उठाउन, नीति नियमहरू

बनाउन र कुनै डर, धाक र धम्की विना स्वतन्त्र रुपमा आफ्ना कामहरू सम्पन्न गर्न सजिलो हुन्छ । यसका लागि मानवअधिकारका विश्वव्यापी घोषणा-पत्र, नागरिक तथा राजनीतिक अधिकार महासन्धी, संवैधानिक व्यवस्था, सँसदीय अभ्यासहरू, सँसदले पारित गरेका नियम कानूनहरूलाई आधार मान्न पर्ने हुन्छ। त्यसका अलावा अन्तर सँसदीय यूनियनहरूको प्रावधानहरूले समेत व्यक्तिगत अधिकारहरूको बारेमा सुनिश्चितताता प्रदान गरेको पाइन्छन् ।

**प्रतिपक्षी दलहरूको अधिकारहरूको रक्षाः** राजनीतिक दलहरूको गठन, दर्ता र संञ्चालन नै सँसदीय शासन प्रणालीको विशेषता हो । राजनीतिक दलहरूको निर्माण राजनीतिक दर्शन, विचार र कार्यक्रमको आधारमा हुन्छ । तिनै दलहरूबाट कसैले सरकार सञ्चालन गर्ने र कसैले प्रतिपक्षको भूमिका निर्वाह गर्ने गरेका हुन्छन् । प्रतिपक्षी दलहरूका अधिकारहरू संवैधानिक रुपमा नै उल्लेख भएका हुन्छन् । संवैधानिक अधिकारहरूको कार्यान्वयन वा त्यसको अधिकाधिक प्रयोग गर्न सक्ने वा नसक्ने प्रतिपक्षी दलको सँसदमा भएको उपस्थित संख्याले पनि निर्धारण गर्दछ ।

**सँसदीय समितिहरूमा प्रतिनिधित्वः** सँसदीय शासन प्रणालीमा सँसदको कामलाई व्यवस्थित बनाउनको लागि विषयगत समितिहरू गठन गरिएका हुन्छन् । विषयगत समितिहरूको संख्या संविधानमा व्यवस्था भए अनुसार तथा सँसदले आवश्यक ठानेको विषयहरूबमोजिम गठन गरिएका हुन्छन् । विषयगत समितिहरूमा नै प्रस्तावित विधेयकहरूउपर विस्तृत रुपमा दफावार छलफल हुने हुनाले सँसदीय समितिहरूमा प्रतिपक्ष दलका साँसदहरूको प्रतिनिधित्वले जनताका सरोकारहरूलाई विधेयकमा संशोधन, समावेश वा निषेधको माध्यमद्वारा सहजिकरण गरिएका हुन्छन् । यस्ता समितिहरूमा प्रतिनिधित्व गर्न पाउने साँसदहरूको अधिकार हो ।

**राष्ट्रिय स्वार्थको रक्षा तथा अल्पसंख्यक र सिमान्तकृत समुदायको रक्षा :** राष्ट्रिय स्वार्थको रक्षाका लागि राष्ट्रिय विकास र सुरक्षा आधुनिक राज्यहरूका लागि चुनौतिको विषय भएको छ । ती चुनौतीहरूको सामना गर्नको लागि सत्तापक्ष वा प्रतिपक्षका साँसदहरूको महत्वपूर्ण भूमिकाहरू हुन्छन् । ती भूमिकाहरूलाई निर्वाह गर्नको लागि अन्तर्राष्ट्रिय मानवअधिकार कानूनले राष्ट्रिय सुरक्षा, शान्ति र भातृत्व कायम गर्न सहजिकरण गर्दछ । साथै अन्तर्राष्ट्रिय मानवअधिकारका कानूनी प्रावधानहरूले स्वतन्त्रता तथा विकासमा अल्पसंख्यक तथा सिमान्तकृत समुदायको सहभागिता तथा उनीहरूको रक्षाको विषयहरूलाई समेटेको पाइन्छ । त्यसका अलावा सम्वन्धित देशको संवैधानिक तथा कानूनमा उल्लेख भएका विषयहरूले उनीहरूको अधिकार रक्षाका लागि सहयोग पुऱ्याउँछ । साथै सँसदले पछाडि पारिएका व्यक्ति तथा समुदायहरूको हक अधिकारको लागि नियम बनाएर सहयोग गर्न सक्ने कानूनी प्रावधानहरूको व्यवस्था गरिएको हुन्छ ।

## सँसदीय काम कार्वाहीमा सहभागिताका लागि प्रकृयागत विषयहरू

**सँसदीय प्रकृयामा सहभागिताः** सँसदीय प्रकृयामा सहभागिता जनाउनु सँसदमा भएका राजनीतिक दलहरू र साँसदहरूको जिम्मेवारी हो । सँसद सञ्चालनलाई व्यवस्थित र मर्यादित बनाउनको लागि सँसद सञ्चालनको विधान र मापदण्डहरू निश्चित गरी ब्यवस्थित गरिएको हुन्छ । विधायिकी प्रकृयाहरूलाई अवलम्वन गर्दै विभिन्न खालका राजकीय निर्णयहरू गर्नु व्यवस्थापिका सँसदको काम हो । त्यसका लागि उनीहरूले विधेयकको मस्यौदा तयारी तथा प्रमाणिकरणदेखिका प्रकृयाहरू पुरा गर्न पर्ने हुन्छ । व्यवस्थापिका सँसदमा भएको कार्य व्यवस्थापन सल्लाहकार समितिले सभामुखलाई बैठक व्यवस्थित रुपमा सञ्चालन गर्न, प्राथमिकताहरू तोक्न र समयतालिका निर्माण गर्न सहयोग गर्दछन् । कुनै पनि साँसदले व्यवस्थापिका ससदमा विधेयक पेश गर्न सक्छ तर त्यसका लागि उसले नियममा उल्लेख गरिएको प्रकृयाहरू पुरा गर्न पर्ने हुन्छ । व्यवस्थापिका सँसदका कानूनी प्रकृयागत विषयहरूका अलावा सुशासन, संविधान संशोधन, विश्वासको मत, अविश्वासको मत, राष्ट्रपति तथा उपराष्ट्रपति विरुद्धको अविश्वासको प्रस्ताव, संवैधानिक निकायका पदाधिकारीहरू विरुद्ध अविश्वासको प्रस्ताव लगायतका विषयमा पनि आवश्यक प्रकृया पुरा गरेर आफ्नो सहभागिता जनाउन पर्ने हुन्छ ।

**नीतिगत छलफलमा सहभागिताः** व्यवस्थापिका सँसदका सदस्यहरूको मुख्य काम नीतिगत छलफलहरूमा सहभागिता जनाउनु हो । सत्ता पक्षका साँसदहरू आफ्नै सरकार भएको कारण संसदीय छलफलमा कम सहभागिता जनाउन सक्दछन् । तसर्थ यसखालको नीतिगत छलफलमा प्रतिपक्ष दलका साँसदहरूको

महत्वपूर्ण भूमिका हुन्छ । त्यसमा पनि मुख्य प्रतिपक्ष दलका साँसदहरूले छायाँ सरकारको रुपमा काम गर्ने र सरकारले पेश गरेको नीतिगत विषयहरूमा बैकल्पिक प्रस्तावहरू पनि पेश गर्न सक्दछन् । बैकल्पिक प्रस्तावहरू पेश गर्नु भन्दा अगाडि सरकारको तर्फबाट पेश भएका नीतिगत छलफलको वारेमा अध्ययन गरी सुझावहरू पेश गर्नु आवश्यक हुन्छ । सँसदीय अभ्यास अनुसार तथा व्यवस्थापिका सँसदको नियमावली अनुसार सम्वन्धित मन्त्रालय अन्तर्गतको छलफलमा मन्त्रीको उपस्थिति जरुरी हुन्छ । मन्त्रीको समुपस्थितिमा साँसदहरूले नीगित सवालहरूको उठान र सम्वन्धित मन्त्रीले सोको बारेमा जवाफ दिने अभ्यास हुन्छ । यस प्रकृयामा प्रतिपक्ष साँसदहरूले विषयको गाम्भिर्यताको आधारमा छलफलमा सहभागिता जनाउँछन् ।


**नीजि विधेयकको प्रस्तुतिः** संवैधानिकरुपमा नीजि विधेयकको सम्वन्धमा संविधानमा उल्लेख भएको पाइदैन । तर धारा ११०(२) मा उल्लेख भए अनुसार आर्थिक विधेयक, सुरक्षा विधेयक, जस्तै नेपाली सेना सम्वन्धी विधेयक, नेपाल प्रहरी सम्वन्धी विधेयक र सशस्त्र प्रहरी सम्वन्धी विधेयक, सरकारले मात्र पेश गर्ने प्रावधान रहेका छन् । संवैधानिक व्यवस्थाको आधारमा व्यवस्थापिका सँसदले विधेयकहरू पेश गर्ने प्रकृया र तौरतरिकाको बारेमा व्यवस्थापिका सँसदको नियमावलीमा व्यवस्था गरेको हुन्छ । नीजि विधेयक पेश गर्नु जटिल विषय हो किनकि यसको लागि जटिल प्रकृयाहरू पुरा गर्न पर्ने हुन्छ । यसको लागि सर्वप्रथम सम्वन्धित साँसदले उक्त प्रस्ताव सँसद सचिवालयमा दर्ता गर्न पर्ने हुन्छ । दर्ता भईसकेपछि उक्त मस्यौदा सबै सदस्यहरूलाई अध्ययनको लागि वितरण गरिन्छ । सभामुखवाट अनुमति प्राप्त भएपछि मात्र उक्त प्रस्ताव विधेयको रुपमा प्रस्तुत गरिन्छ ।

**बहुमतको निर्णयमा अवरोधः** सरकारले आफ्नो कामलाई सरल रुपमा निर्वाध अगाडि वढाउन चाहन्छ । व्यवस्थापिका सँसदमा बहुमत भएर वा विश्वासको मत लिएर नै सरकार गठन हुने भएकाले बहुमतको आधारमा काम छिटो छरितो रुपमा सरकारले सम्पन्न गर्न चाहन्छ । त्यसको लागि सरकारले सँसदबाट विधेयक, नीति तथा कार्यक्रम पारित गर्नु पर्ने हुन्छ । जब सरकारले यस्ता विधेयकहरू सँसदमा पेश गर्दछ तव त्यसखालका विधेयकहरूलाई पास हुन नदिनु, पास हुने अवस्था आए पनि त्यसलाई ढिलो गराउनु प्रतिपक्षको चातुर्य हो । प्रतिपक्ष दलले विभिन्न तरिकाले कहिल्यै नटुङ्गिने वादविवाद, सहमतिका प्रयासहरू, गोप्य बैंठकहरूको नाममा समयहरू लम्व्याउने गरेको पाइन्छ । यी माध्यमहरू अपनाउदा समय मात्र लम्बिने वा समाधानका उपायहरू ननिस्कने चै होइन । सरकारको सँसदमा अत्यधिक बहुमत भएको अवस्थामा र प्रतिपक्ष दल सँसदमा कमजोर भएको अवस्थामा प्रस्तुत गरिएका कतिपय विधेयकहरू विना संशोधन पारित हुने गर्दछन् । सँसदमा भएका प्रतिपक्षका क्रियाकलापहरूलाई सुक्ष्मरुपमा हेर्ने हो भने उनीहरूले सरकारबाट पेश गरिएका नीति, बजेट तथा विधायन सम्वन्धी लगायत सँसदको अन्य महत्वपूर्ण नीतिगत काम कार्यवाहीमा वाधा विरोध प्रर्दशन, वैठक बहिष्कार जस्ता रणनीतिक तरिकाहरू प्रयोग गर्ने गरेको पाइन्छ ।

**प्रतिपक्षको द्विविधाः** सँसदमा सरकारले प्रस्तुत गरेको विधेयकहरूमा प्रतिपक्ष दल र उसका साँसदहरू द्विविधामा परेको पनि देखिन्छ । उनीहरूले विधेयकमा छलफल गर्दा, संशोधनको प्रस्ताव राख्दा, पूर्नरावलोकन गर्दा त्यस खालको अवस्था देखिन्छ । देश संक्रमणकालबाट गुज्रिरहेको अवस्थामा राजनीतिक स्थायित्व, शान्ति र समृद्धिको लागि संघर्ष गरिरहेको अवस्थामा चर्को दबाब वा विरोध प्रदर्शन गर्दा प्राप्त राजनीतिक उपलब्धिमा असर पर्न सक्ने भएकाले गर्दा प्रतिपक्षमा यस्तो द्विविधा उत्पन्न हुन जान्छ । त्यस्तो अवस्थामा परिवर्तित शासन व्यवस्थालाई स्थायित्व दिन, नीतिगत दिशानिर्देश गर्न सत्ता पक्षबाट यथास्थितिमा रहेका नीति नियमहरूलाई समयानुकुल परिवर्तन गर्न वा नयाँ संरचनावमोजिमको व्यवस्था गर्न थप ऐन कानूनहरूको निर्माण गर्नु पर्ने वाध्यात्मक अवस्था रहेको अवस्थालाई मनन गरिनुपर्दछ । सरकारद्वारा नयाँ प्रस्तावित सवै विधेयकहरूमा जिम्मेवार प्रतिपक्ष कडारुपमा विरोधमा प्रस्तुत हुन सक्ने अवस्था रहँदैन । अतः मुलुक राजनीतिक संक्रमणकालमा रहेको अवस्थामा लोकतान्त्रिक व्यवस्थाको प्रतिपक्ष द्विविधाको अवस्थामा रहेको हुन्छ । यदि कुनै छलफल, अवरोध वा समर्थन विना नै सँसदबाट विधेयकहरू पारित भइरहेका छन् भने प्रतिपक्षको अवस्था दुविधामा रहेको सहजै अनुमान लगाउन सकिन्छ ।

## सञ्चार माध्यम र नागरिक समाज

**सञ्चार माध्यमः विचार निर्माण वा विचार विघटनको रुपमाः** सञ्चार माध्यमले कुनै पनि विषयमा विचार निर्माणका लागि भूमिका निर्माण गर्न सक्छन् । साथै कुनै पनि विचारको विपक्षमा पनि जनमत सिर्जना गर्न सक्छन् । किनकि लोकतान्त्रिक व्यवस्थामा सञ्चार माध्यमलाई कुनै पनि




विषयमा धारणा बनाउने र सोही अनुसार स्वतन्त्र रुपमा आफ्ना विचारहरू राख्ने तथा रिपोर्टिङ्ग गर्ने स्वतन्त्रता हुन्छ। यसले सञ्चार माध्यमको विकास र विस्तारमा सहज बनाएको हुन्छ । आजको २१ औ शताब्दीमा विकास भएको सञ्चारका विभिन्न माध्यमहरू जस्तो छापा सञ्चार माध्यम, प्रशारण गरिने सञ्चार माध्यम, सार्वजनिक सञ्चार माध्यम, अनलाइन सञ्चार माध्यमले विचार निर्माण गर्ने तथा यथास्थितिको पक्ष र विपक्षमा मत जाहेर गर्ने गरेको पाइन्छ । तसर्थ सञ्चार माध्यमले जहिले पनि सरकारले गरेका नराम्रा कामहरूको बारेमा जनतालाई सचेत गराउने र सरकारलाई दबाब श्रृजना गर्ने काम गरिरहेको हुन्छ। त्यसैले गर्दा सञ्चार माध्यमलाई एक स्थायी प्रतिपक्ष भनिएको हो ।

**नागरिक समाज सार्वजनिक ध्यान खिच्नको लागि र सहमति निर्माणको लागिः** नागरिक समाज, मिडिया र प्रेस सँसदीय शासन प्रणालीमा स्थायी प्रतिपक्षको रुपमा देखा परेका छन् । सँसदीय शासन प्रणालीमा सरकारले सिद्धान्ततः गैरसरकारी निकायहरूको उपस्थितिको लागि स्वागत गरेको छ भने उनीहरूको तर्फबाट खबरदारीको आशा गरेको पाइन्छ। अधिकाँश मानिसहरू आफ्नो इच्छा, आकाँक्षा र स्वार्थ अनुरुप विभिन्न संस्था, संञ्जालमा आवद्ध भएर आफ्ना अधिकारहरूको रक्षा गरिरहेका हुन्छन् । उनीहरू राजनीतिक, सामाजिक, साँस्कृतिक र आर्थिक अधिकारहरूको रक्षा र प्रबर्द्धनको क्षेत्रमा लागेका हुन्छन् । जनताका अधिकारहरूको लागि नागरिक समाजका संस्थाहरूको तर्फबाट गरिने अभ्यासहरूले लोकतान्त्रिक शासन व्यवस्थालाई सहज बनाउँछ। नागरिक समाजका कामहरू निःस्वार्थ काम भएको हुनाले उनीहरूले गरेका क्रियाकलापहरूले सार्वजनिक रुपमा नै ध्यान खिच्न सक्छ भने द्वन्दरत पक्षहरूको बीचमा सहमति निर्माण गर्नको लागि सहज हुन्छ । निरंकुश शासन व्यवस्थामा होस् वा लोकतान्त्रिक व्यवस्थामा होस् नागरिक समाजको भूमिका महत्वपूर्ण हुन्छ र उनीहरूले गर्ने क्रियाकलापले समाज विकासको गतिलाई अगाडि वढाएको हुन्छ ।

## निश्कर्ष

लोकतान्त्रिक शासन व्यवस्थामा सँसद कानून निर्माण गर्न तथा सरकारलाई निर्देशन दिनको लागि एक महत्वपूर्ण थलो हो। यसका अलावा यसले देशको नीति, कार्यक्रम तथा बजेट पारित गर्दछ। जनताद्धारा निर्वाचित भएको संस्था भएको हुनाले यसले जनतासँग प्रत्यक्ष सरोकार राख्ने मुद्धाहरूको उठान तथा यसको समाधान तथा सम्वोधनको लागि सरकारको ध्यानाकर्षण गर्दछ। साथै सार्वभौमशत्ताको संरक्षण, एकता, राष्ट्रको स्वतन्त्रता, लोकतन्त्रको सवलीकरण, कानूनी शासन, मानवअधिकारको प्रत्याभूति र अभिव्यक्ति स्वतन्त्रताको लागि सँसदीय लोकतान्त्रिक व्यवस्थाले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । अन्य व्यवस्थाको तुलनामा यस व्यवस्थाप्रतिको आस्था र विश्वास आमरुपमा वढदै गएको पाइन्छ।

यसरी आस्था र विश्वास बढ्दै जानुको पछाडिको कारण प्रतिपक्ष, अल्पसंख्यक र पछाडी पारिएका वर्ग तथा समुदायको आवाजहरूलाई पनि उचित स्थान दिनु हो । तसर्थ सँसदीय व्यवस्थामा प्रतिपक्ष दलले मुख्य रुपमा विश्वसनीय विकल्पहरू दिन सक्नुपर्छ। साथै प्रतिपक्षले सत्ता पक्षको प्रत्येक क्रियाकलापको नजिकबाट निगरानी गरेर कामको आलोचना, पारदर्शिता, नैतिकता तथा प्रभावकारी काम गर्नको लागि अभिप्रेरित गर्नुपर्दछ। जननिर्वाचित जनप्रतिनिधिको रुपमा प्रतिपक्षले सरकारले अधिकारको दुरुपयोग गरेमा सार्वजनिक स्वार्थका लागि सरकारको विरोध गर्न आवश्यक हुन्छ। त्यसका लागि सिर्जनात्मक, व्यवस्थित र शान्तिपूर्ण विरोधका माध्यमहरू अपनाएर प्रतिपक्षको साख राख्न सक्छन्। प्रतिपक्षले आफ्ना आवाजहरूलाई व्यवस्थित गर्नको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनहरूको ज्ञान र प्रयोगमा विशेष ध्यान दिनु जरुरी छ। अहिलेको प्रतिपक्ष भोलीको सम्भावित सत्तापक्ष भएको कारण लोकतन्त्रलाई संस्थागत गर्ने कार्यमा उसका क्रियाकलापहरू जिम्मेवार र सिर्जनात्मक हुनु जरुरी छ।